# लोक सेवा आयोग

## नेपाल लेखापरीक्षण सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

मितिः- २०८०।१०।१०

समयः ३ घण्टा पत्रःद्वितीय पूर्णाङ्कः- १००

बिषयः सेवा सम्बन्धी

तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

१. नेपाललाई सहायता उपलब्ध गराउने दाता राष्ट्र र अन्तर्राष्ट्रिय संस्थाहरूले प्रदान गर्ने सहायतामा कतिपय दातृ निकायहरुबाट लेखापरीक्षणमा महालेखापरीक्षकको पहुँचभन्दा बाहिर रहने गरी सहायता दिने र खर्च गर्ने गरेको पाइन्छ। यस्तो वैदेशिक सहायता र त्यसको खर्चको लेखापरीक्षण महालेखापरीक्षकले गर्न नपाउँदा देशको एकीकृत आय-व्ययको वास्तविक र यथार्थ चित्रण आउने गरेको पाइँदैन। यसबाट नेपालको वैदेशिक सहायता नीति नै कमजोर हुँदै गएको भन्ने भनाई रहेको छ। यस सन्दर्भमा वैदेशिक सहायता परिचालन सम्बन्धमा देखिएका समस्याहरू पहिचान गर्दै समाधानका लागि वैदेशिक सहायता परिचालनसँग सम्बन्धित सरोकारवालाहरूले खेल्नुपर्ने भूमिकाको बारेमा विवेचना गर्नुहोस्। 5+10=15

२. राज्यका अंगहरूबीच नियन्त्रण र सन्तुलन तथा सरकारका काम कारबाहीहरूलाई निष्पक्ष तथा व्यवस्थित बनाउन विभिन्न स्वतन्त्र संवैधानिक निकायहरूको परिकल्पना गरी गठन भए अनुरुप नेपालको संविधानमा आर्थिक क्रियाकलापहरूको निगरानीका लागि काम, कर्तव्य र अधिकारसहित महालेखापरीक्षक र सार्वजनिक व्यवहारमा अधिकारको दुरुपयोग तथा भ्रष्टाचारजन्य क्रियाकलापहरुको अनुसन्धानका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था रहेको छ। दुवै निकायको प्रमुख उद्देश्य मुलुकमा सुशासन कायम गर्नमा सघाउ पुर्‍याउने नै हो। तर यी निकायहरूबीचको अन्तरसम्बन्धलाई औपचारिक रुपमा कुनै कानूनले व्यवस्थित गरेको छैन। राज्यका स्वतन्त्र संवैधानिक अंग हुनुका नाताले यिनीहरूले सम्पादन गर्ने कार्यमा एक अर्काबीचको अन्तरसम्बन्धले कार्यसम्पादनमा थप प्रभावकारीता आउनसक्ने हुन्छ। लेखापरीक्षणका व्यहोराहरू अनुसन्धान तथा अभियोजनमा सूचनाको रुपमा प्रयोग गरी अनुसन्धानलाई बलियो बनाउन सकिन्छ भने अख्तियार दुरुपयोग, अनियमितता, वित्तीय हिनामिना तथा श्रोतसाधनको दुरुपयोग सम्बन्धमा प्राप्त उजुरीका बिषयहरू लेखापरीक्षणका लागि उपयोगी हुन सक्दछन्।

कार्यसम्पादनको क्रममा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन गरिएका बिषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट अनुसन्धान भई गम्भीर त्रुटि फेला परेर मुद्दा दायर भएको अवस्था एकातिर छ भने अर्कोतिर अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट सफाई पाएका बिषयमा लेखापरीक्षणबाट गम्भीर त्रुटि औंल्याइ रकम असुल भएको अवस्था पनि छ। लेखापरीक्षकहरूले सबै बिषय पहिचान गर्न नसक्ने विश्वव्यापी मान्यता रहेको सन्दर्भमा लेखापरीक्षण र अनुसन्धान गर्ने निकायबाट हुने अभियोजनबीच के कस्तो मापदण्ड कायम हुनुपर्ने देख्नुहुन्छ ? विद्यमान नीति, कानूनी व्यवस्था र अन्तर्राष्ट्रिय प्रचलन समेतका आधारमा विवेचना गर्दै भविष्यमा यस्तो अवस्था आउन नदिन के कसो गर्नुपर्ला ? तार्किक सुझाब प्रस्तुत गर्नुहोस्।

6+8+6=20

३. महालेखापरीक्षकले संवैधानिक तथा कानूनी व्यवस्था अनुसार हरेक वर्ष सरकारी कार्यालयहरूको लेखापरीक्षण गरी तत् सम्बन्धी वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्दै आएको छ। वार्षिक प्रतिवेदनमा समावेश भएका बिषयहरू नियाल्दा वित्तीय लेखापरीक्षण र कार्यमूलक लेखापरीक्षणबाट देखिएका व्यहोराहरूको प्रकृति समान जस्तै देखिन्छ। महालेखापरीक्षकले पेश गर्ने वार्षिक प्रतिवेदनको आकार बढ्दै गएको देखिन्छ। महालेखापरीक्षकको ६०औं प्रतिवेदनमा उल्लिखित बेरुजु संघ, प्रदेश, स्थानीय तह, संगठित संस्था र समिति समेतको रु.१,१९,७७,७० लाख कायम भएको मध्ये ४९.३४ प्रतिशत प्रमाण कागज पेश नभएको देखिन्छ भने बाँकी बेरुजुमा अनियमित भएको, जिम्मेवारी नसारेको, शोधभर्ना नलिएको भन्ने व्यहोरा उल्लेख छ।

यस सम्बन्धमा संसदको सार्वजनिक लेखा समितिमा छलफल भए तापनि सरकारलाई सुधारको लागि जबाफदेही बनाउन नसकेको कारणबाट हरेक वर्ष समान प्रकृतिका अनियमितताहरू दोहोरिरहेको अवस्था छ। अधिकांश रुपमा प्रतिवेदनमा

समाविष्ट व्यहोरा परम्परागत लेखापरीक्षण कै रुपमा देखिएका र सार्वजनिक लेखा समितिको कम अभिरुचिले गर्दा दण्डहीनताले प्रश्रय पाएको सरोकारवालाहरूको ठम्याई छ। संवैधानिक निकायले पेश गरेको प्रतिवेदन सधैँ प्रभावकारी हुँदैन भन्ने पनि होइन। साबिकमा कर फछर्यौट आयोग, पूँजीगत लाभकर जस्ता बिषय उठाएकोले यसको सकारात्मक परिणाम समेत निस्केका उदाहरणहरू छन्।

उपर्युक्त अवस्थालाई दृष्टिगत गरी महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा समावेश गरिने बिषयवस्तुको गहनता एवं यथार्थताबारे विद्यमान प्रचलनमाथि समालोचनात्मक टिप्पणी गर्दै प्रतिवेदनको ढाँचा र तयारी प्रकृया सम्बन्धमा के कस्ता कमी कमजोरी रहेका छन् ? उल्लेख गर्दै सुधारका लागि मौलिक सुझाब प्रस्तुत गर्नुहोस्। 7+8+5=20

४. नेपाल सरकारले आर्थिक वर्ष २०७८/७९ सम्म लिएको कूल ऋण रु.२२ खर्ब ९९ अर्ब ३५ करोडमध्ये वैदेशिक ऋणको रकम मात्र रु. ११ खर्ब ७० अर्ब २५ करोड छ। वैदेशिक ऋण र अनुदान स्वरुप विभिन्न दातृ निकायबाट प्राप्त हुने रकम अनुमान गरी वैदेशिक श्रोतको बजेट व्यवस्था गर्ने गरिएको छ। वैदेशिक सहायता सम्झौता अनुसार सोही अवधिसम्म सरकारी कोषबाट भएका खर्च दातृ निकायबाट शोधभर्ना लिनुपर्ने रकम रु. २१ अर्ब ८० करोड देखिन्छ भने अनुदानतर्फ रु.१५ अर्ब ६ करोड पुगेको जानकारी महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, २०७९ (६०औं प्रतिवेदन) मा उल्लेख छ। सम्बन्धित आयोजनाबाट शोधभर्ना मागपत्रसहित लेखा सम्बन्धी कागजात जस्तै खर्चको विवरण, प्रमाण पुष्ट्याँई तथा अनुसूचीका ढाँचा बमोजिम प्रतिवेदन पेश गरेपछि विभिन्न दातृ निकायबाट शोधभर्ना प्राप्त हुने गरेको छ।

सरकारी कोषको प्रवाहलाई सरल बनाई सरकारको नगद स्थितिलाई अनुकूल बनाउन दातृ निकायले नेपाल राष्ट्र बैंकमा खाता खोलेका हुन्छन्। आयोजनाले पेश गरेको शोधभर्नाको विवरण दातृ निकायले स्वीकार गरेको जानकारी प्राप्त भएपछि खर्च भएको रकम दातृ निकायको सहमतिमा यी खाताबाट सरकारी पक्षले शोधभर्नाको मागबमोजिम रकम झिक्न सक्नेछन्। तर सरकारी आयोजना तथा निकायबाट ढाँचागत विवरण, प्रमाण, पुष्ट्याँई पेश नभएको कानूनी प्रावधान तथा सम्झौताको व्यवस्थाको परिपालना नभएको जस्ता कारणले गर्दा दातृ निकायबाट समयमा शोधभर्ना प्राप्त नहुने स्थिति हुन्छ। वर्षेनी यो रकम बढ्दै जाने गरेकोले वैदेशिक सहयोगको शोधभर्ना समयमा लिन नसकेर नेपाल सरकारको श्रोतमा व्ययभार परेको र कतिपय अवस्थामा श्रोतान्तर गर्नुपर्ने अवस्थाले सरकारी निकायमा वित्तीय दक्षता तथा क्षमतामा कमी आएको देखिन्छ।

तसर्थ माथि दिइएको अनुच्छेदबाट समस्या पहिचान गरी सो का कारणहरु प्रष्ट्याउनुहोस्। साथै, समस्या समाधान गर्न आगामी दिनमा गर्नुपर्ने सुधारका लागि सुझाब र सुझाब कार्यान्वयनको कार्ययोजनासमेत प्रस्तुत गर्नुहोस्। 5+5+5+5=20

५. नेपालको संविधान तथा लेखापरीक्षण ऐन, २०७५ मा पचास प्रतिशतभन्दा बढी सम्पत्ति तथा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व रहेका संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने व्यवस्था रहेको छ। महालेखापरीक्षकको ६०औं प्रतिवेदनमा समेत महालेखापरीक्षकले आफ्नो जनशक्तिबाट र नियुक्ति गरेका दर्तावाल लेखापरीक्षकबाट रु.३१ खर्ब ८२ अर्ब तथा लेखापरीक्षक नियुक्तिका लागि परामर्श दिई सम्पादन गरेको रु.१३ खर्ब ४१ अर्ब गरी रु ४५ खर्ब २३ अर्बको संगठित संस्थाको लेखापरीक्षण सम्पन्न गरेको उल्लेख छ। उक्त लेखापरीक्षण रकम संघ, प्रदेश र स्थानीय तहको लेखापरीक्षण अंकभन्दा बढी रहेको देखिन्छ। संगठित संस्थाहरूको लेखापरीक्षण, प्रतिवेदन, बेरुजुको अभिलेख व्यवस्था सरकारी निकायको भन्दा फरक रहेको कारण लेखापरीक्षण प्रतिवेदनले खासै चर्चा नपाउने अवस्था छ। सरकारी निकायहरूमा भएको बेरुजुका व्यहोराले प्राथमिकता पाउँदा संगठित संस्थाहरूको भने फरक अवस्था रहेको छ। संगठित संस्थामा अनियमितता, बेथितिका समाचार दैनिक रुपमा पढ्न सुन्न पाइए पनि लेखापरीक्षण प्रतिवेदनमा उक्त व्यहोराहरू समावेश भएको देखिँदैन।

यस परिप्रेक्ष्यमा सरकारी स्वामित्वका संगठित संस्थाहरूको लेखापरीक्षण सम्बन्धी विद्यमान व्यवस्थाहरूको विश्लेषण गर्नुहोस्। यस सम्बन्धमा समस्याहरूको पहिचान गरी कुन कुन क्षेत्रमा के कसरी सुधार गर्नुपर्ने हो ? आउनसक्ने चुनौतिहरूलाई समेत दृष्टिगत गर्दै सुधारका लागि सुझाबसहितको कार्ययोजना प्रस्तुत गर्नुहोस्। 6+5+8+6=25

««« समाप्त »»»